# मिति २०७४-१२-०८ गते बसेको सिद्ध कुमाख गाउँसभा बैठकका निर्णयहरू

## निर्णय नं १

आ २०७४।७५ को स्वीकृत बजेट तथा कार्यक्रम मिति २०७४ साल फाल्गुण महिनासम्मको खर्चलाई गाउँसभाले सर्वसहमतिले अनुमोदन गर्ने निर्णय गरियो।

## निर्णय नं २

गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेका बैठकहरुको निर्णयहरुलाई सर्वसहमतिले अनुमोदन गर्ने निर्णय गरियो।

## निर्णय नं ३

नेपाल सरकारले यस गाउँसभाको सिफारिस बमोजिम मिति २०७४ साल पुस २४ गते नेपाल राजपत्रमा सुचना प्रकाशित गरि ढोरचौर गाउँपालिकाको नाम परिवर्तन गरि सिद्ध कुमाख गाउँपालिका कायम गरेकोले यस अघि गाउँसभा तथा कार्यपालिकाबाट पारित गरेका सबै ऐन, कानून, निमावली र कार्यविधिहरूमा ढोरचौर गाउँपालिका लेखेको ठाउँमा सिद्ध कुमाख गाउँपालिका लेख्ने र कार्यकारी अधिकृत को सट्टा प्रमुख प्रशासकीय अधिकृत लेखि संसोधन गर्ने सर्वसहमतिले निर्णय गरियो।

## निर्णय नं ४

गाउँसभामा प्रस्तावित तपसिलका ऐनहरु दफावार छलफल गर्ने निर्णय गरियो।

१. सिद्ध कुमाख गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

२. सिद्ध कुमाख गाउँपालिका न्यायीक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४

३. सिद्ध कुमाख गाउँपालिकाको सहकारी ऐन, २०७४

४. सिद्ध कुमाख गाउँपालिका शिक्षा ऐन, २०७४